


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १४ गते बुधबार ❑ 29 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## भाषा, संस्कृति देशका मौलिक सम्पत्ति - प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले जातजातिका भाषा, संस्कृति देशका मौलिक सम्पत्ति भएको बताउनुभएको छ। प्रदेश प्रमुख गुरुङले यिनीहरूको जगेर्ना राज्यको दायित्व भएको बताउनुभयो।



तमु ल्होसार २०७८ का अवसरमा गण्डकी प्रदेश प्रमुखको कार्यालयद्वारा मंगलबार यहाँ आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले नेपाल बहुजातीय बहुभाषिक, बहुसांस्कृतिक विशेषताले भरिपूर्ण रहेको बताउनुभयो। देशमा समावेशी लोकतान्त्रिक संविधान बनेको बताउँदै उहाँले ल्होसार पर्वले राष्ट्रमा सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न प्रेरणा मिल्ने बताउनुभयो। नेपालका विभिन्न जातजाति, भाषाभाषी बीचको विविधता देशका लागि मात्र नभइ समग्र विश्वका लागि पूँजी भएको उहाँको भनाइ थियो। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लामो समयदेखिको एकात्मक व्यवस्थाले राष्ट्रियताको सङ्कूचित परिभाषा गरेको बताउँदै २०६२/६३ को जनआन्दोलन पश्चात् सबै जाताजाति, भाषभाषी एवं संस्कृतिबीचको एकतालाई राष्ट्रियताका रुपमा लिइएको धारणा राख्नुभयो। नेपाली विविधताबीच सबैले सामूहिक समर्पणको भावना सिर्जना गर्नुपर्ने बताउँदै उहाँले ल्होसार पर्वले सबैलाई एकतावद्ध हुन प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो।

गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले सबै जातजाति, भाषभाषी र संस्कृतिको जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो। प्रदेश प्रमुख सचिव हरिप्रसाद बाँस्तोलाले ल्होसार पर्वले सबैमा सुख शान्ति र समृद्धि ल्याउने कामना गर्नुभयो।

तमु धी नेपालका अध्यक्ष हुमबहादुर तमुले तमु समुदायको नयाँ वर्षका रुपमा ल्होसार मनाइने बताउँदै गाई वर्गको बिदाई र बाघ वर्गको आगमनका रुपमा यस वर्ष ल्होसार मनाउन लागिएको जानकारी दिनुभयो।

## गण्डकी प्रदेशमा संघीय मामिला सहित १२ वटा मन्त्रालय

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

गण्डकी प्रदेश सरकारले संघिय मामिला सहित १२ वटा मन्त्रालय स्थापना गरेको छ। मुख्यमन्त्रीको माताहातमा रहेको उक्त मन्त्रालयलाई प्रदेश सरकारले छुट्टै स्थापना गर्ने हालै सम्पन्न भएको गण्डकी प्रदेशको क्याविनेट बैठकले उक्त निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता कुमार खड्काले बताए।

हालै सम्पन्न भएको क्याविनेट बैठकका निर्णयहरु मंगलबार पत्रकार माझ सार्वजनिक गर्दै प्रवक्ता खड्काले मुख्यमन्त्रीसंग रहेको मन्त्रालय विस्तारको उक्त अधिकारलाई प्रयोग गरेको बताए। गण्डकी प्रदेश सरकारको यही पुष १२ गते बसेको क्याविनेट बैठकले तीन वटा निर्णय गरेको थियो। गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ को अनुसुचिको हेरफेर गर्ने प्रस्ताव पारित गरेको थियो भने जसले आन्तरिक मामिला मन्त्रालय स्थापना गर्ने निर्णय गरेको उनले जनाए। मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सहित अब प्रदेशमा १२ मन्त्रालय पुगेको प्रवक्ता खड्काले जनाए।

उक्त बैठकले प्रदेश लोकसेवा आयोगका पदाधिकारीका पारिश्रमिक सेवा र सुविधान सम्बन्धि ऐन २०७६ को अनुसुचिमा हेरफेर गर्ने निर्णय गरेको प्रवक्ता खड्काले बताए। संघिय सरकारले श्रवण एक गते देखि लागु हुने गरी मासिक २ हजार रुपैया बृद्धि गर्ने उक्त निणर्य प्रदेशका कर्मचारी, प्रदेश सभाका सदस्यहरुको, मन्त्रीपरिषदका सदस्यहरुलाई समेत बढाउने निर्णय गरेको उनले जनाए। शिक्षा क्षेत्रमा सुधार गर्ने उद्धेश्यले गण्डकी प्रदेश प्रमुख शैक्षिक शिक्षा सुधार कार्यक्रम लागु गर्ने तयारी गरेको प्रवक्ता खड्काले जनाए।

उक्त अभियानको निम्ति खर्च गर्न बनाएको कार्यविधिलाई बैठकले स्विकृत गरेको उनले जनाए। २२ करोड रुपैया रहेको उक्त परियोजना शिक्षा, संस्कृति वित्रान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले कार्यान्वयन गर्ने भएको हो। भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्री समेत रहेका प्रवक्ता खड्काले अघिल्ला बर्षको तुलनामा यस बर्ष आफ्नो मन्त्रालय सहित प्रदेशको बढी खर्च हुने दाबी गरे।

## माओवादी महाधिवेशनमा समूहगत छलफल

**रासस**
**काठमाडौं, १३ पुस**

नेकपा (माओवादी केन्द्र)को राजधानीमा जारी आठौं राष्ट्रिय महाधिवेशनको बन्दशसत्रको दोस्रो दिन मंगलबार पनि जारी रह्यो।

सोमबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा प्रस्तुत '२१औँ शताब्दीको समाजवादको नेपाली बाटो' शीर्षकको वैचारिक तथा राजनीतिक दस्तावेज र स्थायी कमिटी सदस्य देवप्रसाद गुरुङद्वारा प्रस्तुत विधान मस्यौदामा दिनभर समूहगत छलफल भएका थियो। समूहगत छलफलका लागि सोमबार २५ समूह गठन गरिएको मंगलबार साँझ जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। अधिकांश समूहले वैचारिक तथा राजनीतिक दस्तावेज र विधान मस्यौदामाथिको छलफल सकाएका छन्। बाँकी समूहले बुधबार अपरान्ह १२ बजेभित्र छलफल सक्ने तयारी गरेका छन्। समूहगत छलफलका लागि दिनभर समय दिइएकोमा बुधबार अपरान्ह १२ बजेसम्मको समय थप गरिएको छ। समूहगत छलफल गरेका सबै समूहमा सहभागी प्रतिनिधिले अध्यक्ष दाहालद्वारा प्रस्तुत वैचारिक तथा राजनीतिक दस्तावेजमाथि समर्थन जनाउँदै विभिन्न सुझाव राखेको माओवादी केन्द्रले जनाएको छ। बुधबार अपरान्ह १ बजेदेखि महाधिवेशनस्थल प्रज्ञा भवन, कमलादीमा समूहगत छलफलको निष्कर्ष प्रस्तुत गर्ने कार्यक्रम छ।

## नेता कार्कीको पूरक प्रतिवेदन पेश

**रासस**
**काठमाडौं, १३ पुस**

नेकपा (माओवादी केन्द्र)को जारी आठौं महाधिवेशनको बन्दसत्रमा नेता सुरेन्द्र कार्कीले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को राजनीतिक प्रस्तावको पूरकको रुपमा नयाँ प्रस्ताव पेश गर्नुभएको छ।

केही पूरक, केही नवीन धारणा नाम दिइएको उक्त प्रस्तावमा विद्यमान सङ्घीयता र समावेशिताको नाममा भइरहेको अभ्यासमाथि प्रश्न उठाउँदै अवस्था आफूहरूले सोचेअनुरुप अगाडि बढ्न नसकेको टिप्पणी गर्नुभएको छ। नीति निर्माणमा जनताको सहभागिता नभएसम्म प्रजातन्त्रको सर्वाङ्गीण विकास हुन नसक्ने उहाँको प्रस्तावमा उल्लेख छ। माओवादीभित्र वैचारिक नेताका रुपमा समेत चिनिनुहुने कार्कीले नेपालमा सङ्घीयता ल्याउनुको पछाडि चौर र चौतारामा बसेर पनि जनताको सेवा गर्न सकियोस् भन्ने अभिप्राय राखिएको बताउनुभएको छ। उहाँले अगाडि भन्नुभएको छ, "चौरमा, चौतारमा, विद्यालय परिसरमा, गुन्द्री, राडीपाखी आदिमा बसेर कुलो, कुलेसो, पुलपधेरा, बाटोघाटो, स्वास्थ्यकेन्द्र, विद्यालय आदिबारे नीति निर्माण गर्न सकियोस् भन्ने उद्देश्यका साथ हामीले सङ्घीयतालाई आफ्नो राजनीतिक मुद्दा बनाएका थियौँ।" उहाँले प्रतिवेदनमा लेख्नुभएको छ " यो निर्धन मुलुकका जनप्रतिनिधि करोडौंको गाडीमा सवार भएर न्वारन, पास्नी, जन्मदिन मनाउने आतिथ्य सत्कार गरुन् भन्ने उद्देश्य हाम्रो कदापी थिएन। सङ्घीयताले बजेटको एउटा हिस्सा स्थानीय तहमा त ल्यादियो तर त्यसको विचरण र अनुगमन संयन्त्र तयार हुन सकेको छैन।" नेता कार्कीले समावेशिताको नाममा भइरहेको गतिविधिमाथि समेत टिप्पणी गर्नुभएको छ। लाखौं दलित, लोपोन्मुख जनजाति महिला आदिको बीचबाट १०/२० जना आज्ञाकारी खोजेर दिइने पद, विभूषण, सुविधालाई समावेशी प्रजातन्त्रलाई बदलेर उत्पीडित वर्गको सुनिश्चितता गर्ने प्रजातन्त्रको खोजी गर्नुपर्ने उहाँको प्रतिवेदनमा उल्लेख छ। नेता कार्कीले आफ्नो प्रतिवेदनमा अन्तर र्राष्ट्रिय परिस्थिति, घरेलु परिस्थिति, पार्टीको आगामी कार्यभारलगायतका विषयमा चर्चा गर्नुभएको छ। मजदुर, किसान, महिला, व्यापारी, बद्धिजीवी, उत्पीडित समुदायका विभिन्न तहमा रहेका जनताको साझा स्वार्थका निम्ति लड्न सक्ने जैविक सामर्थ्यलाई भुत्ते बनाउन नहुने र त्यस्तो काम आफ्नो पार्टीले नगर्ने नेता कार्कीले प्रतिवेदनमा उल्लेख गर्नुभएको छ।

## एसियन सेन्ट्रल जोन महिला भलिबलको उपाधि नेपाललाई

**रासस**
**काठमाडौं, १३ पुस**

नेपालले उज्वेकिस्तानलाई पराजित गर्दै एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि जितेको छ।

बङ्गलादेशको ढाका मिर पुरस्थित शाहिद शुरवार्दी इन्डोर स्टेडियममा आज भएको खेलमा नेपालले उज्वेकिस्तानलाई ३-२ को सेटमा पराजित गर्दै गर्दै उपाधिमाथि कब्जा गरेको हो। यो नेपालको दोस्रो अन्तर्राष्ट्रिय उपाधि समेत हो। यसअघि बङ्गलादेशमै सन् २०१९ मा भएको पहिलो संस्करणको उक्त च्याम्पियनसिपमा नेपालले माल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजित गर्दै नेपाली भलिबल इतिहासमा पहिलो ऐतिहासिक स्वर्णपदक जितेको थियो। नेपालले उज्वेकिस्तानमाथि २६-२४, २४-२६, २५-१५, २२-२५ र १५-१० ले जित्न सफल भयो। नेपालले पहिलो सेट २६-२४ ले जितेको थियो भने दोस्रो सेटमा उज्वेकिस्तान विजयी भयो। उज्वेकिस्तान २६-२४ ले विजयी भयो। त्यसैगरी तेस्रो सेटमा नेपालले २५-१५ ले जित्यो। चौथो सेट उज्वेकिस्तानले २५ -२२ ले जित्दा खेल २-२ को स्थितिमा आयो। त्यसपछि खेलको पाँचौं तथा निर्णायकमा नेपाले १५-१० ले आफ्नो पक्षमा पार्दै उपाधिमाथि कब्जा जमाउन सफल भयो।


लिग चरणमा भने नेपालले उज्वेकिस्तानलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो। अपराजित रहेको नेपालले लिग चरणमा श्रीलङ्कालाई ३-२ को सेटमा पराजित गरेको थियो भने माल्दिभ्स, बङ्गलादेश र उज्वेकिस्तानलाई समान ३-० को सोझो सेटमा हराएको थियो। यही पुस ८ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगिताको महिलातर्फ आयोजक बङ्गलादेश, नेपाल, कीर्गिस्तान, माल्दिभ्स, श्रीलङ्का र उज्वेकिस्तान गरी छ राष्ट्रको सहभागिता रहेको थियो।

## थप २६४ जनामा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, १३ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप २६४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

यस अवधिमा १२ हजार ५६६ जनाको पिसीआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पिसीआर परीक्षण गर्नेको सङ्ख्या आठ लाख २७ हजार ७६३ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या ९६ हजार १७४ पुगेको छ। पछिल्लो समय थप २६० जना कोरोनाबाट निको भएका छन्। पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५८८ पुगेको छ।




## चिसो बढेपछि सतर्कता अपनाउन प्रशासनको आग्रह

**रासस**
**मनाङ, १३ पुस**

केही दिनयता मौसमको परिवर्तन भएसँगै मनाङमा हिमपात भएको छ। हिमपात भइरहँदा चिसो बढेकाले सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ।

चिसो बढेसँगै सतर्कता अपनाउन र कुनै पनि समस्या परेमा प्रशासन कार्यालय तथा सुरक्षा निकायमा सम्पर्क गर्नुहुन स्थानीयवासीमा अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लावासी धेरै जाडो छल्न पहाडी जिल्ला तथा पोखरा, काठमाडौं गइसकेका छन् भने भेडीगोठ कुरुवा र कर्मचारीमात्रै मनाङमा रहेका छन्। चिसो बढेसँगै जिल्लामा बसिरहेका स्थानीयवासीलाई सतर्कता अपनाउन आग्रह गरिएको छ। प्रमुख जिल्ला अधिकारी आचार्यको नेतृत्वमा सुरक्षा निकाय प्रमुख र सम्बन्धित कार्यालयका प्रमुखसहित हुम्डे एयरपोर्टको भौतिक संरचना तथा अवस्थाको निरीक्षण अनुगमन गरिएको छ। हिमपातका कारण उक्त संरचनाको मर्मतसम्भार तथा सदुपयोग गर्ने उपायका बारेमा तत्काल खोजी र प्रारम्भ गर्ने निष्कर्षमा पुगेको उहाँले बताउनुभयो। मनाङ ङिस्याङ गाउँपालिकामा पर्यटन तथा स्थानीय जनजीवनको अवस्था, हिमपात र चिसो बढेपछिको प्रभाव एवं स्थानीयवासीको दैनिकी र प्रहरी तथा निजामती कर्मचारीको स्थितिको अवलोकन गरिएको उहाँले बताउनुभयो। साथै पर्यटकीय पदमार्ग चामेबाट तलेखु, भ्राताङ, ढिकुरपोखरी, पिसाङ, ग्रीन ताल, सीमा प्रहरी चौकी हुम्डे, मुङ्जे, भ्राका, मनाङ र टङ्की मनाङसम्मको अनुगमन पनि गरिएको आचर्याले बताउनुभयो। उहाँले भन्नुभयो, "पर्यटक आउने क्रम जारी रहेको तर तिलिचो तालतर्फ जान भने पाइएन।" अमेरिकन तथा रसियनलगायत देशका पर्यटकले अनुभवी गाइड एवं शेर्पालाई साथमा लिई थोराङ्ला पासतर्फ जाने क्रम जारी रहेको र बङ्गाली पर्यटक भने यात्रा अघि नबढाई फर्किएको पाइएको उहाँले बताउनुभयो।

ग्रिनलेकबाहेकका ताल एवं छहरा तथा साना खोलाखोल्सामा बग्दै गरेको पानी पूर्णरूपमा जमेको र घाम लागेसँगै पग्लिएर बग्ने गरेको पाइएको आचार्यको भनाइ छ। मनाङवासीको जनजीवन भने सामान्य रहेको उहाँले बताउनुभयो।

का.जि.द.नं. ५६/०५६ प.क्षे.हु.द.नं. ३/०६३/०६४ ❑ २०७८ पुस १४ गते बुधबार

# नृत्य कार्यशालामा ३० जना सहभागी

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा नेवार समुदायको कुमारी र धिमे नृत्यको कार्यशाला सम्पन्न भएको छ।

सप्तक संगीत सांस्कृतिक केन्द्रको सहकार्यमा स्याङजा जिल्लाको वालिङमा भएको कार्यशालामा ३० जना प्रशिक्षार्थी सहभागी बने । अधिकांश सहभागी स्याङजा जिल्लाबाट रहेको भएपनि कास्कीबाट २ जना, लमजुङबाट २ जना र तनहुँबाट एक जना प्रशिक्षार्थी समेत सहभागी बनेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो।



पाँच दिनसम्म सञ्चालन गरिएको कार्यशालामा सहभागी बन्नेमा प्रीती गुरुङ, सलीना थापा, सोनिगा श्रेष्ठ, पूनम श्रेष्ठ, बाजिंद्र बुढा मगर, आशा थापा श्रेष्ठ, अञ्जली श्रेष्ठ, रविना मिजार, उषा श्रेष्ठ, लील बहादुर थापा, ममता कुँवर, अरुणा मगर, दीपिका सुनार रहेका थिए।

यसैगरी सुनू सुनार, जमुना विक, धनमाया क्षेत्री, कुशुम गैह्रे, खौं माया गुरुङ, सीमा राना, करन श्रेष्ठ, इच्छा मानन्धर, प्रतिमा श्रेष्ठ, राधिका श्रेष्ठ, सृष्टि विश्वकर्मा, शिला गोतामे, स्नेहा मल्ल, कञ्चन श्रेष्ठ, भुमिका थापा मगर, युवराज गुरुङ र जलन गुरुङ समेत कार्यशालामा सहभागी बने । कार्यशालाको सहजीकरण नृत्य क्षेत्रमा स्थापित बनिसक्नुभएका स्वजन रघुवंशी र शिरिष महर्जनले गर्नुभएको कार्यक्रम संयोजक गम बहादुर गुरुङले जानकारी दिनुभयो।

कार्यशाला समापन समारोहमा वालिङ नगरपालिकाका मेयर दिलिप प्रताप खाँण, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मन कुमार श्रेष्ठ, गोपाल प्रसाद गैह्रे, आनन्द पाठक, सुलोचना मल्ल, लक्ष्मी श्रेष्ठ, कमला गैह्रे, सर्मिला मल्ल, गुमान सिंह राना, तारा प्रसाद श्रेष्ठ लगायतले नेवार समुदायको कुमारी र धिमे नृत्यको बारेमा बोल्नुभएको थियो।

गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सप्तक संगीत सांस्कृतिक केन्द्रका अध्यक्ष देवराज गैह्रे तथा सञ्चालन गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ जसमाया गुरुङ जसुले गर्नुभएको थियो।

# अन्तिम खेलमा कास्की ९ विकेटले विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

पोखरामा गण्डकी प्रदेश छनौंट क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिता अर्न्तगत मंगलबार भएको अन्तिम खेलमा कास्कीले नवलपुरमाथि ९ विकेटको जित निकाल्दै प्रतियोगिताको च्याम्पियन समेत बन्यो।

खेलमा पहिला व्याटिङ्ग गरेको नवलपुरले सम्पूर्ण विकेट गुमाएर १ सय ३० रन बनाएको थियो। नवलपुरको तर्फबाट दिपक डुम्रेले ३१ तथा रोविन तिमिल्सीनाले २३ रन जोडे । कास्कीका बलरहरु विपिन खत्रीले ४, कृष्ण पौडेलले ३ तथा दिपेश खत्रीले २ विकेट लिए। जितका लागि १ सय ३१ रनको लक्ष्य पाएको कास्कीले निर्धारित ४० ओभरमध्य ३०.४ ओभरमा मात्रै १ विकेट गुमाएर



जित हाँसिल गऱ्यो । कास्कीको तर्फबाट विधान श्रेष्ठले अभिजित ४३ तथा मुस्कान थापाले अभिजित ४० रन जोडे। यसअघि ओपनर अनिल गुरुङ्गले ३२ रनको पारी खेलेका थिए । खेलमा ४ विकेट लिएका कास्कीका कप्तान विपिन खत्री म्यान अफ द म्याच भए। प्रतियोगितामा कूल ७ विकेट सहित ३० रन बनाएका कास्कीका कृष्ण पौडेल सर्वोत्कृष्ट खेलाडी भए । त्यस्तै प्रतियोगिताभर १ सय ४५ रन जोडेका कास्कीका अनिल गुरुङ्ग उत्कृष्ट व्याट्स्म्यान बन्दा नवलपुरको तर्फबाट ७ किवेट लिएका कमल परियार उत्कृष्ट बलर घोषित भए। विजयी खेलाडीहरुलाई पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष नारायण कोइराला, नेपाल क्रिकेट संघका सदस्य ऋषि गौतम, गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष देवेन्सन प्रजु, कोषाध्यक्ष प्रकाश पौडेल, गण्डकी प्रदेश खेलकुद संघका सदस्य गिरमान गुरुङ्ग, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल लगायतले पुरस्कार वितरण गरे।

# सलोनी र गंगा माछापुच्छ्रे बैंक पोखरा ओपन टेनिसको फाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

नेपालकी शिर्ष वरियता प्राप्त खेलाडी सलोनी तामाङ्ग र गंगा शर्मा पोखरा रंगशालामा जारी १८ औं माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिताको महिला एकलतर्फ फाइनलमा प्रवेश गरेका छन्।

कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत मंगलबार भएको सेमिफाइनलमा नेपाल नम्बर १ खेलाडी सलोनीले शर्भानी श्रेष्ठलाई ५-७, ६-३ र ६-० को सेटमा पराजित गर्दै अन्तिममा स्थान बनाएकी हुन्। त्यस्तै गंगाले भगवती विकलाई ६-२, ६-२ को सोझो सेटमा पराजित गर्दै उपाधीका लागि सलोनीसंगको प्रतिस्पर्धा निश्चित गरेकी हुन् । प्रतियोगिता अन्तर्गत मेन्स सिंगलतर्फ नेपालका



शिर्ष वरियताका प्रणव खनाल तथा दोश्रो नम्बरका प्रदिप खड्का सेमिफाइनलमा पुगे । प्रणवले पोखराका विष्णु नेपालीलाई ४-६, ६-६ र ६-२ को सेटमा पराजित गरेका हुन भने प्रदिपले पोखराकै गोविन्द नेपालीमाथि ६-१, ६-४ को सहज जित निकाल्दै अन्तिम चारमा आफ्नों नाम लेखाउन सके। त्यस्तै, अकि जुवेन रावतले निशान श्रेष्ठलाई ७-६, ६-१ ले तथा आरब सम्राट हाडाले नेहाल जंग थापालाई ६-२, ६-० ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाए। फाइनल पुग्न प्रणवले आरबसंग तथा प्रदिपले निशानसंग प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिता अन्तर्गत ३५ वर्ष माथिको पुरुष एकलमा निरज थापा, दावा शेर्पा, भिष्म गुरुङ्ग र सन्तोष खत्रीले अन्तिम चारमा स्थान बनाएका छन् । निरजले सिमन्त गुरुङ्गलाई ६-३, ६-३ ले, दावाले सञ्जयकुमार श्रेष्ठलाई ६-१, ६-२ ले, भिष्मले नविन श्रेष्ठलाई ६-१, ६-१ ले तथा सन्तोषले जितेन्द्र परियारमाथि ४-६, ७-६ र सुपरटाईमा १०-३ को अत्यन्तै कठिन जित निकालेका हुन्। अब फाइनल पुग्न निरजले भिष्मसंग तथा दावाले सन्तोषसंग प्रतिस्पर्धा गर्नेछन्। ४५ वर्ष माथिको पुरुष एकलतर्फ चन्द्र शाही, उत्तम लामा, विनोद कायस्थ र विमल गुरुङ्गले सेमिफाइनलको यात्रा तय गरेका छन्। चन्द्रले धरमबहादुर लामिछानेलाई ६-२, ६-३ ले, उत्तमले उत्तम बोगटीलाई ६-१, ६-० को सोझो सेटमा पराजित गर्दा विनोदले निकैनै प्रतिस्प्रधात्मक खेलमा भने शिव सेढाईमाथि १-६, ७-५ र सुपरटाईमा १०-७ को कठिन जित निकाले। अर्को खेलमा विमलले हुम आलेलाई ६-२, ६-१ को सोझो सेटमा पराजित गरेका थिए । ३५ वर्ष माथिको पुरुष डबल्समा कमल भण्डारी र यज्ञ भण्डारीको जोडीले उपाधीका लागि राजु क्षेत्री र सुदर्शन विष्टको जोडीसंग प्रतिस्पर्धा गर्ने भएको छ। भण्डारी जोडीले सिमान्त गुरुङ्ग र भिष्म गुरुङ्गको जोडीलाई ६-७, ६-१ र १०-३ ले तथा राजु जोडीले पोखराका राजन पौडेल र नविन श्रेष्ठमाथि ६-२, ६-२ को नतिजा निकाल्दै फाइनमा स्थान सुरक्षित गरेका हुन्।

# एसिसी यू-१९ एसिया कप क्रिकेटमा कुवेतद्वारा नेपाल पराजित

**रासस**
**काठमाडौं, १३ पुस**

एसिसी यू-१९ एसिया कप क्रिकेटमा नेपाल कुवेतसँग एक विकेटले पराजित भएको छ । नेपालले कुवेतसामु जीतका लागि २४० रनको लक्ष्य प्रस्तुत गरेको थियो।

कुवेतले उक्त लक्ष्य सात बल बाँकी छँदै नौ विकेट गुमाएर पूरा गऱ्यो । कुवेतको जितमा कप्तान मीत भावसर नायक सावित भए । भावसर एक्लैले अविजित रहँदै १७५ रन बनाए । प्रारम्भिक ब्याट्स्म्यानका रुपमा मैदान प्रवेश गरेका उनी अन्तिम समयसम्म क्रिजमा टिकीरहे । भावसरलाई पवेलियन फर्काउन बलर असफल रहेपछि नेपाल प्रतियोगितामा जितविहीन बन्न पुग्यो।

त्यसअघि संयुक्त अरब इमिरेट्स (युएई) को दुबईस्थित आइसिसी एकेडेमीमा टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरको खेलमा ४२ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर २३९ रन बनायो। नेपालका बसिर अहमदले सर्वाधिक ५६ रनको योगदान दिए। उनले ६१ बल खेल्ने क्रममा एक छक्का र सात चौका प्रहार गरे । यस्तै विवेक मगरले ७१ बलमा ६ चौकासहित ५० रन बनाए। मोहमद आदिल आलमले ४२ बल खेल्दै पाँच छक्का र दुई चौकाको मद्दतमा ४९ रन जोडे। यस्तै शेर मल्लले २१, दिपेश कँडेलले १५ तथा अर्जुन साउदले १० रन बनाए। बलिङतर्फ कुवेतका मिर्जा अहमद र अब्दुल सदिकले तीन/तीन तथा हेनरी थोमस र मोहमद बास्तकीले दुई/दुई विकेट लिए। दुई सय ४० रनको विजयी लक्ष्य कुवेतले ४८ दशमलव पाँच ओभरमा नौ विकेटको क्षतिमा पूरा गऱ्यो। कप्तान भावसरले अविजित १७५ रन बनाउने क्रममा १४९ बलको सामना गरे । यस क्रममा उनले एक छक्का र २४ चौका प्रहार गरे । यस्तै जुदे सल्दन्हाले २५ रन बनाए। कुवेतले नेपालका बलरबाट २५ अतिरिक्त रन पाएको थियो। बलिङतर्फ नेपालका गुल्सन झाले तीन तथा विवेक यादव, शेर मल्ल र बसिर अहमदले दुई दुई विकेट लिए। कुवेतसँगको हारसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको छ । यसअघिका खेलमा नेपाल बङ्गलादेश र श्रीलङ्कासित पराजित भएको थियो । खेलमा विजयी भएपनि कुवेत पनि प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गर्न असफल भएको छ । उसले यसअघिका दुई खेलमा पराजय बेहोरेको थियो। नेपाल रहेको समूह 'बी'बाट बङ्गलादेश र श्रीलङ्का सेमिफाइनलमा प्रवेश गरेका छन् । समूह 'ए'बाट पाकिस्तान र भारत सेमिफाइनलमा प्रवेश गरेका छन् भने अफगानिस्तान र युएई बाहिरिएका छन्।

# हिमदृश्य युवा क्लव रुपाले उचाल्यो साविक वडास्तरिय भलिबल कपको ट्रफी

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

रुपाताल तमु समाज पोखरा ३२ ले आयोजना गरेको साविक वडास्तरिय भलिबल प्रतियोगितामा हिमदृश्य युवा क्लव रुपा–६, कास्की प्रथम भएको छ । प्रथम भएको हिमदृश्य युवा क्लवले ४० हजार रुपैया पुरस्कार सहित मेडल र ट्रूफी प्राप्त गरेको छ।



पौष ९ देखी शुरु भएको भलिबल प्रतियोगितामा पञ्चासे सेवा समाज कास्की द्धितिय र ध्रुवतारा युवा क्लव रुपा–६, भिरचोक तृतिय भएको छ । द्धितिय र तृतिय हुने समूहले २५ हजार र १५ हजार रुपैया नगद सहित मेडल र ट्रूफि प्राप्त गरेका छन् । कार्यक्रममा विभिन्न विधामा खेलाडीहरुलाई पुरस्कृत गरिएको थियो । विजयी सहभागी टिमलाई नेपाली काग्रेसका महाधिवेशन प्रतिनिधि एवं समाजसेवी विमल बस्यालले पुरस्कार बितरण गरेका थिए। उनले स्थानीय स्तरमा आयोजना हुने प्रतियोगिताबाट राष्ट्रिय स्तरका खेलाडी उत्पादन हुन सहयोग पुग्ने उल्लेख गरे।

समाजका अध्यक्ष चेस बहादुर गुरुङ्गको अध्यक्षतमा भएको समापन तथा पुरस्कार बितरण समारोहमा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, नेपाली काग्रेसका महाधिवेशन प्रतिनिधि सरस्वती गुरुङ्ग, नेपाली काग्रेस कास्की क्षेत्र नं. १ का सभापति राजेन्द्रमणि लामिछाने, खेल संयोजक आश बहादुर गुरुङ्ग, आर्थिक संयोजक रेशम बहादुर गुरुङ्ग लगायतले मन्तव्य व्यक्त गरेका थिए।

# वर्षा र हिमपातको सम्भावना

**रासस**
**काठमाडौं, १३ पुस**

हाल देशमा पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव रहेको छ। उक्त मौसमी प्रणालीका कारण अहिले देशभर सामान्यदेखि पूर्ण बदली रहेको छ।

देशका केही स्थानहरुमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपातको पनि सम्भावना रहेको छ।

महाशाखाले आगामी २४ घण्टाका लागि चेतावती तथा परामर्श जारी गर्दै देशभर चिसो बढ्ने क्रममा रहेकाले चिसोबाट बच्न आवश्यक सुरक्षा एवं सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ। देशको पहाडी तथा हिमाली क्षेत्रका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको तथा देशका पहाडी भूभागको केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। रातिको समयमा देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा र उच्च हिमाली तथा पहाडी भेगमा हल्का हिमपातको सम्भावना रहेको छ। पहाडी भेगमा बाक्लो तुवाँलो लागेको छ भने तराईका कतिपय स्थानमा हुस्सु/कुहिरो लागेको छ। बुधबार पनि देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

बाथ रोग: घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

प्यारालाइसिस: शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

ढाड दुख्ने: ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सर्म्पक:

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# नामकरणमा सहमति खोज

प्रदेश सभाको अवधि चार वर्ष पूरा हुँदा पनि प्रदेशको नाम र स्थायी राजधानी तोक्न प्रदेश २ लाई सकस परेको छ। नेकपा एमाले र माओवादी केन्द्रको बहुमत भएको छ वटा प्रदेश मध्ये प्रदेश नं १ ले मात्र नामकरण गर्न सकेको छैन। राजधानी टुङ्गो लगाउन सकेपनि प्रदेशको नामकरण गर्न पार्टी भित्रको विवादले सकेको थिएन। नेकपा एमाले र माओवादी केन्द्र पुरानै अवस्थामा फर्केको छ। एमाले विभाजित भएको हुँदा नामकरण गर्ने काम सजिलो छैन। अन्य प्रदेशमा नेकपाको दुई तिहाइ बहुमत भएको बेला प्रदेशको नामकरण र स्थायी राजधानी तोक्न सकेको थियो। दुई तिहाइ बहुमतको समर्थन प्रदेश २ को सरकारले पाएपनि गठबन्धन सरकार भएको हुँदा दलीय सहमति नजुट्दा नामकरण र राजधानी तोक्न सकेको छैन। एकपटक नामकरण र राजधानी बारे कुनै पनि प्रस्तावमा दुई तिहाइ नपुगेर असफल भएको थियो।

अहिले दलहरूको समिकरणमा फरक आएकोले नामकरणमा सहमति खोज्न समिति गठन भएको छासरकारले प्रदेश २ को नाम र राजधानीमा दलीय सहमति नभएपछि सभामुख सरोजकुमार यादवको संयोजकत्वमा विशेष समिति गठन गरिएको छ। समितिमा उपसभामुख उपमा देव उपसंयोजक र बाँकी दलका सांसदहरूलाई सदस्यमा राखिएको छ। समितिमा प्रत्येक पार्टीबाट दुईजना सांसद राखिएको छ भने जसपाबाट ३ जना सांसद समितिमा सदस्य रहेका छन्। सरकारको नेतृत्व गरेको जनता समाजवादी पार्टीले लचकता देखाउनुपर्ने भएको छ। समितिका सदस्यहरूमा कांग्रेस सांसद शिवचन्द्र चौधरी,उपेन्द्र कुश्वाहा,जसपाका विन्देश्वर यादव 'बिक्की', संजय यादव र शैलेन्द्रकुमार यादव, माओवादीका जगत यादव र दिलीप साह, एमालेका शारदा थापा र किशोरी साह कमल, लोसपाका परमेश्वर साह र सुरिता साह रहेका छन्।

त्यसैगरी, सत्तारुढ दल नेकपा एकीकृत समाजवादीका सत्रुधन महतो र सुन्दरबहादुर विश्वकर्मा र नेपाल संघीय समाजवादी पार्टीबाट सावित्रीदेवी साह रहेका छन्। समितिले प्रदेशको नाम र राजधानीको विषयमा दलहरूले राखेको प्रस्तावको अध्ययन, छलफल तथा दलहरूबीच अन्तर्क्रिया गरी दलीय सहमतिको प्रयास गर्नेछ। समितिले काम थालेको १५ दिनभित्रमा प्रतिवेदन सभामा पेस गर्न म्याद तोकिएको छ। अहिले प्रदेशको नामसम्बन्धी ५ वटा प्रस्ताव र राजधानीको विषयमा दुईवटा प्रस्ताव प्रदेश सभामा दर्ता भएका छन्।

जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र माओवादी केन्द्रले प्रदेश २ को नाम मधेस प्रस्ताव गरेको छ भने एमाले र नेकपा एसले जानकी, कांग्रेसले मिथिला-भोजपुरा नाम प्रस्ताव गरेका छन्। कांग्रेसका केही सांसदले मध्य मधेस नाम राख्नुपर्ने भन्दै छुट्टै प्रस्ताव दर्ता गराएका छन्। प्रदेशको विकास र सबैलाई समेट्ने गरि नामकरणका लागि सत्तारूढ दलहरु जिम्मेवार बन्नुपर्छ। राजधानीको लागि विभाजित हुन मतदातालाई रिझाउन थियो। नामाकरणका लागि विभाजनमा जानू उचित देखिदैन।नामकरण गर्दा कसैको भावनामा चोट नपुऱ्याउन राजनीतिक दल र प्रदेशका सदस्यहरूले ध्यान पुऱ्याउनु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मन चञ्चल | धनु | : आर्थिक समस्या |
| कर्कट | : शारीरिक झमेला | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## सर्टिफिकेट हराएको सूचना

**मेरो CTEVT को निम्न अनुसारको विवरण भएको सर्टिफिकेट फूलबारीबाट महेन्द्रपुल तर्फ आउदाँ मिति २०७८/०८/०१ गते हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

**नाम: पसल महतारा**

**ठेगाना: पलाता गा.पा. ४ कालिकोट**

CTEVT Registration No: CM-4764-72

Symbol No : 1557

**सम्पर्क नं. : ९८६३१२१६७८**

# रित्तिएको गाउँलाई फेरि पुरानै स्वरुप दिने संकल्प

**पोखरापत्र संवाददाता**

**दमौली, १३ पुस**

तनहुँको शुक्लागण्डकी नगरपालिका-३ तपरगाउँका युवा व्यवसायी दिपेन्द्र पौडेलले गाउँ फर्किएर रिसोर्ट सञ्चालन गर्नुभएको छ।

दुलेगौडा बजारमा अफसेट प्रेस सञ्चालन गर्दै आउनुभएका पौडेलले गाउँ छाडेको १७ वर्षपछि पुनः गाउँ फर्किएर टपरी रिसोर्ट सञ्चालन गर्नुभएको हो।

उजाडिएको गाउँमा सम्भावना देखेर पौडेलले रिसोर्टमा रु ५० लाख लगानी गरेको बताउनुभयो। पूर्वाधार थप गर्न बाँकी नै रहेकाले लगानी बढ्ने उहाँले जानकारी दिनुभयो। सुविधा खोज्दै सहर पस्दा गाउँ रित्तिएको र रित्तिएको गाउँलाई फेरि पुरानै स्वरुप दिने सङ्कल्प बोकेको पौडेलले बताउनुभयो। "बस्ती रित्तिएर गाउँघर उराठ लाग्ने भएको थियो, घरहरू भत्कँदै थिए। बारी बाझिएर जङ्गल बन्दैथ्यो", उहाँले भन्नुभयो, "गाउँको सम्भवानालाई उजागर गर्न सक्नुपर्छ भनेर गाउँ फर्किएर रिसोर्ट सञ्चालन गरेको हुँ।" युवाहरू सहर केन्द्रित हुने नभई गाउँमै सम्भावनाको खोजी गर्नुपर्ने पौडेलले बताउनुभयो। सहरको कोलाहल र धुवाँधुलोबाट मुक्त हुँदै आनन्द लिनका लागि रिसोर्ट उपयुक्त हुने विश्वास गरिएको छ। पृथ्वीराजमार्गस्थित शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडामा छ किमी दूरीमा रिसोर्ट पुग्न सकिन्छ। पौडेलले पुर्ख्यौली पाँच रोपनी जग्गामा रिसोर्ट सञ्चालन गर्नुभएको छ। रिसोर्टमाा स्थानीय अर्ग्यानिक उत्पादनलाई बढावा दिइने बताइएको छ। यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यले पर्यटकलाई लोभ्याउने पौडेलले बताउनुभयो। रिसोर्टको पूर्वाधार थपसँगै अब अर्ग्यानिक उत्पादनमा जोड दिने पौडेलले बताउनुभयो। "त्यसका लागि २०० रोपनी जमिनमा अर्ग्यानिक तरकारी खेती गर्ने तयारी गरेको छु, तरकारी खेतीका लागि अन्य दुई साथीसँग सहकार्यको तयारी भइरहेको छ", उहाँले भन्नुभयो। पढाइ, जागिर र सुविधा खोज्दै सहर झर्नेको लर्कोले गाउँ रित्तिदै गएका बेला आफू गाउँ फर्किएको बताउँदै पौडेलले भन्नुभयो, "गाउँको एक दर्जन परिवारले थातथलोलाई चटक्कै माया मारेर सुविधा भएको ठाउँ रोजे। वर्षौंदेखि रित्तिएको गाउँका घर ढले, खेतबारी बाझिए। गाउँ छाड्ने लहर चलिरहेका बेला उकालो चढेर रित्तिएको बस्तीमा फर्कने चेष्टा गरेको छु", उहाँले भन्नुभयो।

# गुरुकुल चलाउन धार्मिक महोत्सव

**पोखरापत्र संवाददाता**

**बागलुङ, १३ पुस**

काठेखोला गाउँपालिका-५ रामकोटधाममा परमानन्द संस्कृत गुरुकुल पुनःसञ्चालनको उद्देश्य राखेर बिहुँकोट धार्मिक महोत्सवको आयोजना गरिएको छ। आउँदो माघ १ देखि ७ गतेसम्म चल्ने महोत्सवको तयारी तीव्र पारिएको आयोजकले जनाएको छ।

महोत्सवको मूल सङ्कल्पकर्ता बिहुँकोट अन्तर्राष्ट्रिय समाजका अनुसार विगतको सशत्र द्वन्द्वताका गुरुकुल पाठशाला बन्द हुने पुगेको थियो। रामकोटधामका संस्थापक दिवङ्गत स्वामी श्री १००८ परमानन्द सरस्वती महाराजका पालामा उक्त गुरुकुल सञ्चालनमा आएको थियो। समाजकै परिकल्पना र सङ्कल्पमा धार्मिक महोत्सव आयोजना हुन लागेको संस्थाका अध्यक्ष देवीलाल सुवेदीले बताउनुभयो। महोत्सवको व्यवस्थापकीय तयारीका लागि ३६ वटा विभाग गठन गरी कामको जिम्मेवारी दिइएको उहाँको भनाइ छ। महोत्सवमा देशभरबाट सन्त, महात्माको उपस्थिति रहने जनाइएको छ। महोत्सवमा स्थानीय संस्कृतिको झाँकी प्रर्दशनी, हेलिकप्टरबाट पुष्ट वृष्टि, धार्मिकस्थलको दृश्यावलोकन, धार्मिक प्रवचन, वैदिक पूजाअर्चना, भजन सङ्कीर्तन, पञ्चेबाजा प्रतियोगितालगायत सांस्कृतिक कार्यक्रम हुनेछन्।

महोत्सवमा धौलागिरि र आसपासका क्षेत्रबाट श्रद्धालुको उल्लेख्य सहभागिता रहने आयोजकको दाबी छ। महोत्सवबाट सङ्कलित रकम संस्कृत गुरुकुल सञ्चालनमा खर्च हुने अध्यक्ष सुवेदीको भनाइ छ। गुरुकुल पुनःसञ्चालनको पवित्र उद्देश्य राखेर महोत्सव गरिनु सुखद् रहेको वडाध्यक्ष शिवप्रसाद कँडेलले बताउनुभयो। संस्कृत पाठशालाले सनानत भाषा, संस्कृति र शिक्षाको संरक्षणमा टेवा पुग्ने उहाँको विश्वास छ। रामकोटधामका प्रधान संरक्षक एवं राष्ट्रिय सन्त समाजका अध्यक्ष श्री १००० स्वामी ज्ञानानन्द सरस्वतीले धार्मिक पर्यटनको प्रवर्द्धन र संस्कृत पाठशाला सञ्चालानार्थ आयोजित महोत्सवमा सबैले सहयोगको हातेमालो गर्नुपर्ने धारणा राख्नुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**न्यूरोड नयाँबजार पोखरा-९ मा चौतारा निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : न्यूरोड नयाँबजार चौतारा निर्माण**

**स्थान: पोमनपा वडा नं. ९**

**योजना सम्झौता मिति : २०७८/०८/१५ गते**

**योजना सम्पन्न मिति : २०७८/०९/१० गते**

**योजनाको कुल लागत : रु. ३,१९,६८०।-**

**महानगरपालिकाबाट प्राप्त रकम : रु. ३,००,०००।-**

**जन सहभागितावाट : रु. १९,६८०।-**

**उपभोक्ता समिति:**

**हिरा घले- अध्यक्ष**

**जमुना बज्राचार्य- सचिव**

**योगेन्द्रमान बाटाजू- कोषाध्यक्ष**

**न्यूरोड नयाँबजार चौतारा निर्माण समिति**

**पोखरा -९**

# 'टान'को ४३ औँ अधिवेशन आगामी माघ २८ मा

**रासस**

**काठमाडौं, १३ पुस**

पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज् एशोसिएशन अफ नेपाल (टान)को ४३ औँ वार्षिक साधारणसभा एवं अधिवेशन आगामी माघ २८ गते हुने भएको छ। सस्थाका अध्यक्ष खुमबहादुर सुवेदीले कोरोनाका कारण रोकिएको ४२ तथा ४३औँ साधारणसभा तथा अधिवेशन माघ २८ गते गर्न लागिएको जानकारी दिनुभयो।

विसं २०३५ मा स्थापना भएको सस्थामा हाल देशभर दुई हजारका हाराहारीमा पर्यटन व्यवसायी आवद्ध छन्। पदयात्रा तथा पर्वतारोहणको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको टानले कोरोनाका समयमा सरकार र निजी क्षेत्रबीच सहजीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

## धितो लिलाम बिक्री गर्ने २१ दिने अत्यन्त जरुरी सूचना।

(दोस्रो पटक प्रकाशित मिति २०७८/०९/१४)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत लिएको कर्जा तथा सोको साँवा, ब्याज र हर्जना समेत यस संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा बुझाउनु पर्नेमा सो नबुझाएको हुँदा कर्जा भुक्तानी सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई कर्जा तथा सहकारी सुबिधा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले मिति २०७८/०७/१३ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नका लागि ३५ दिने सूचना, मिति २०७८/०८/२१ गते धितो लिलाम बिक्री गर्ने २१ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी यस संस्थाको लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न यो दोस्रो तथा अन्तिम पटक १५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। अत:उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्धारा खरिद गरी लिन ईच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र आफुले कबोल गरेको रकम सहित गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफ ५७, सहकारी ऐन २०७४, करार ऐ २०५६, गण्डकी प्रदेश सहकारी ऐन २०७५, निमावली २०७६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाईने छैन्। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरुको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असूल उपर गरी लिने व्यहोरा सूचित गरिन्छ।

१. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : धनबहादुर गुरुङ
पिता: लालबहादुर गुरुङ
बाजे : मोति
ठेगाना: दार्सिङ् दहथम-४ केघा



जमानि कर्ताको नाम र ठेगाना:
नाम: बिलबहादुर गुरुङ
पिता: धनबहादुर गुरुङ
बाजे : लालबहादुर गुरुङ



ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं. : ८४८२७/स्याङ्जा

ना.प्र.नं.: १२४९/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: धनबहादुर गुरुङ

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | दार्सिङ दहथुम | ०४ | ५३ | ०.११.३.१ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |
| | | | ०४ | ११७ | ५.२.०.१ | |
| | | | ०४ | १७८ | ३.१३.०.३ | |
| | | | ०४ | २३९ | ०.१४.१.३ | |
| | | | ०४ | ६९८ | २०.१५.०.३ | |

२. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : गुमाकुमारी अर्याल
पति: चार नारायण भन्ने च्याम नारायण अर्याल
बाजे : चोलाकान्त
ठेगाना: सातु पसल-४ घर भै पुतलीबजार-१३



जमानी कर्ताको नाम र ठेगाना:
नाम: हेमराज गौतम
पिता: गंगाप्रसाद गौतम
बाजे : मोतिलाल गौतम
ठेगाना:पुतलीबजार १० हाल पुतलीबजार-१३



ना.प्र.नं.: २४७६/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: गुमाकुमारी अर्याल

ना.प्र.नं. : ७००४५/स्याङ्जा
नाम : चार नारायण भन्ने च्याम नारायण अर्याल
पिता: चोलाकान्त
ठेगाना : सातुपसल-४ हाल पुतलीबजार न.पा-१३ यवादी

| सि. नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | सातुपसल | ०४ | २३७ | ०.१३.०.१ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |
| | | | ०४ | २८६ | ०.१४.०.० | |
| | | | ०४ | २८९ | ०.९.२.१ | |
| | | | ०४ | २९१ | ०.१.३.१ | |
| | | | ०४ | २९४ | ३.३.१.० | |
| | | | ०४ | ५१४ | ०.८.०.० | |
| | | | ०४ | ५१८ | ०.८.३.१ | |
| | | | | ५१९ | ०.२.३.१ | |
| | | | | २८३ | १.५.१.२ | |
| | | | | २३९ | ०.२.१.२ | |
| | | | | १९३ | ०.६.३.० | |
| | | | | २५६ | २.०.२.१ | |
| | | | | २९२ | ४.३.२.२ | |
| | | | | ४६७ | ०.४.३.२ | |
| | | | | ५१२ | ३.०.३.३ | |
| | | | | ५२६ | १.१५.३.० | |

३. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम: चित्रबहादुर कार्की
पिता: तिलबहादुर कार्की
बाजे: हिमन्त
ठेगाना: फेदीखोला-१, घर भै हाल फेदीखोला-२
ना.प्र.नं.: ३८२/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: चित्रहादुर कार्की



जमानी कर्ताको नाम र ठेगाना:
नाम: अनिल कार्की
पिता: चित्रबहादुर कार्की
बाजे: तिलबहादुर कार्की
ठेगाना: फेदीखोला-१ घर भै हाल फेदीखोला-२
ना.प्र.नं.: ४२१०६१/९५२८७/स्याङ्जा



जमानी कर्ताको नाम र ठेगाना:
नाम: प्रेमनारायण अर्याल
पिता: नरभुपाल अर्याल
बाजे: खडानन्द अर्याल
ठेगाना: खिलुङ देउराली-९, हालभीरकोट-७
ना.प्र.नं.: ६५१४/स्याङ्जा

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | फेदीखोला | ०१ | २६५५ | ०.७.१.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सोको लिग लगापता समेत |
| | | पुतलीबजार | ०९ | ४३६७ | ०.२.०.० | " " " |

**श्री कालिका बचत तथा ऋण सहकारी संस्था लि.**

**भीरकोट नगरपालिका-१, स्याङ्जा**

**फेन नं. ०६३- ६२०१७०, १९७**

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ।
सबै जना विलिन हुने माटो एउटै रहेछ॥

# हार्दिक समवेदना



जन्मः
वि. स. १९९० माघ ०१गते

स्वर्गारोहणः
वि.स. २०७८ पुष ०१ गते

**स्व. दिल कुमारी गुरुङ**

कास्की जिल्ला साविकको दाङ्सिङ्ग गा.वि.स. वडा नं. २ तथा अन्नपूर्ण गा.पा.वडा नं. ८ दाङ्सिङ्ग मोहरीया घर भै हाल पोखरा महानगरपालिका वडा नं. १० गौतम बौद्ध मार्ग निवासी यस 1/4th गोर्खा राईफल्स (जेठी भू.पू. सैनिक संघ पोखराका सल्लाहकार अध्यक्ष स्व. सु. कर्ण सिंह गुरुङ सहाबको धर्मपत्नी **दिल कुमारी गुरुङ** को ८९ वर्षको उमेरमा भएको असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको १४ औं दिनको पुण्यतिथिमा पितृकार्य (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**सु. राम प्रसाद गुरुङ**
**सचिव**

**क्या. गम बहादुर गुरुङ**
**अध्यक्ष**

**तथा**

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) भू.पू. सैनिक संघ पोखरा**

# सामुदायिक सेवा केन्द्रको भवन शिलान्यास

रासस
बागलुङ, १३ पुस

बागलुङ नगरपालिका-३ गुठीस्थित सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा केन्द्रको भवन शिलान्यास गरिएको छ। रु ३२ लाख २४ हजारको लागतमा बन्ने दुईतले भवनको सोमबार गण्डकी प्रदेश सरकारका शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले शिलान्यास गर्नुभयो।

त्यस अवसरमा बोल्दै मन्त्री श्रेष्ठले भवन बनेपछि केन्द्रको सेवा थप प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले चालु आवमा मन्त्रालयले रु २० लाख बजेट छुट्याएको र भवन पूरा गर्न बजेट अपुग हुन नदिइने प्रतिबद्धता जनाउनुभयो। मन्त्री श्रेष्ठले प्रहरी-नागरिक सहकार्य र साझेदारीबिना समाज सभ्य, सुसंस्कृत र उन्नत हुन नसक्ने उल्लेख गर्नुभयो। "नागरिकलाई बिनाबर्दीका प्रहरी त्यसै भनिएको होइन, नागरिकको सहयोग नभई प्रहरी एक्लैले केही गर्न सक्दैन", उहाँले भन्नुभयो। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्णबहादुरपल्लीमगरलेसमाजमा शान्ति, अमनचयन कायम गराउन प्रहरीले समुदायसँग मिलेर काम गरिरहेको बताउनुभयो।

# रूपाज्योति माविको ४१ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

कास्कीको रूपा गाउँपालिका, वडा नम्बर ६, तालबेंसीमा सञ्चालित रूपाज्योति माध्यमिक विद्यालयको ४१ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देगेन्द्रकुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि रूपा गाउँपालिकाका शिक्षा प्रमुख सन्दिप पौडेलले रूपाज्योति रूपाकै एक ज्योति भएको धारणा राखे। 'पैसा तिर्दैमा पढाइ राम्रो हुने होइन, पैसा नलिइकन पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने उदाहरण रूपाज्योतिले प्रस्तुत गरेको छ' भन्दै पौडेलले भने, 'सकारात्मक सोचका साथ काम गर्ने हो भने सामुदायिक विद्यालयलाई राम्रो बनाउन सकिन्छ।' आफ्नै ठाउँको विद्यालयलाई राम्रो बनाउने पहल गर्न अभिभावकहरूसँग पौडेलले आग्रह गरे।

वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयका प्रधानाध्यापक मनिराम कडेलले विद्यालयको सीमित साधन/स्रोतका बाबजुद पनि विद्यार्थीमा अन्तर्निहीत प्रतिभा उजागर हुने ढङ्गबाट कार्यक्रमहरू सञ्चालन गरिएको जानकारी दिए। यसै विज्ञान प्रयोगशाला, शिक्षक तालिमलगायतका कार्यक्रम सम्पन्न गरिएको जानकारी दिँदै कडेलले व्यवस्थित पुस्तकालय निर्माणको योजनामा आफूहरू रहेको जानकारी दिए। विद्यार्थीहरूले विविध सांस्कृतिक प्रस्तुतिहरू राखेका कार्यक्रममा शिक्षकद्वय महेश गुरुङ र पार्वती बाँस्तोला तथा अभिभावक कृष्णकुमारी दाहाललाई सम्मान गरिएको थियो। सोही अवसरमा शैक्षिक सत्र २०७७ र सहकार्यकलापमा उत्कृष्ट भएका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो।

सहायक प्रधानाध्यापक सङ्गीता आचार्यको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थी सबिना खातुन, शिक्षक अमृत पौडेल, स्थानीय समाजसेवी जयबहादुर थापा, सामाजिक परीक्षण समितिका सदस्य पुष्पराज सुवेदी, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष खसबहादुर गुरुङ, शिक्षक अभिभावक सङ्घका अध्यक्ष विष्णु गुरुङ, छिमेकी विद्यालय शिवालय माध्यमिक विद्यालयका प्रधानाध्यापक रुपिन्द्र प्रभावीलगायतले शुभकामना दिएका थिए।

# Provincial Government
## Ministry of Health and Population
# Infectious and Communicable Disease Hospital
## Pokhara-30, Mohoriya, Kaski
## Gandaki Province, Nepal

## Invitation for Sealed Quotation For the Construction of Drain Works

Contract Identification No : ICDH/Works/SQ/ebid-02/078-79
Date of Publication : 29 December 2021

1. The Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski invites electronic sealed quotations from Nepalese eligible bidders for the construction of Drain Works at Infectious and Communicable Disease Hospital. The estimated amount for the works is NRs. 15,40,898.05 (Exclusive of VAT and Contingency).
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski, Ph no.061-561268 or may visit PPMO e-GP system website www.bolpatra.gov.np/egp.
3. Bidding documents must be purchased through web portal www.bolpatra.gov.np/egp upon payment of a non-refundable fee of Rs.1000.00by cash deposit in the account specified below: And submit the receipt Voucher along with the bid.
   Name of the Bank: Rastriya Banijya Bank Ltd. Prithvi Chowk Branch
   Name of the Office: Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No: 3550639034
   Account No: 1000100501004000
   Rajaswa (revenue) Shirshak No:14229
4. Electronic bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 Noon 13 January 2022. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 13 January 2022 on 14:00 hours at the office of Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 45,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.i.e 75 days.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the account specified below. And submit the receipt of the deposited amount of cash along with the bid.
   Name of the Bank : Rastriya Banijya Bank Ltd. Prithvi chowk, Pokhara
   Name of the Office : Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No : 3550639034
   Dharauti Account No: 3020100202030000 (Pradesh Lekha Niyantrak Karyalaya, Kaski)
7. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The remaining matters not covered in this notice shall be as per prevailing Procurement Act and Regulation.

Office Chief

# राष्ट्रिय वाणिज्य बैंक
## शाखा कार्यालय, अमरसिंहचोक

## शाखा कार्यालयबाट प्रकाशित गरिने सुन, चाँदी कर्जाको धितो लिलाम बिक्रीसम्बन्धी सूचना

अनुसूची नं. १७

मिति २०७८/०९/१४

यस शाखा कार्यालयबाट २०७८ आषाढ मसान्तसम्म सुन, चाँदी कर्जा शीर्षक अन्तर्गत सुन, चाँदी वा सोबाट बनेका गहना/सामान धितो राखी कर्जा लिनुहुने तपसिलमा उल्लेखित ग्राहकहरुले कर्जाको भुक्तानी म्याद समाप्त भई तरताकेता गर्दा पनि कर्जा चुक्ता गर्न नआउनुभएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र यस शाखा कार्यालयमा सम्पर्क राखी बैंकलाई भुक्तानी गर्नुपर्ने साँवा ब्याज रकम बुझाई सुरक्षणमा रहेका सामान छुटाई लैजानुहुन अनुरोध गरिन्छ। तोकिएको अवधिभित्र कर्जा भुक्तानी नगरेमा धितोमा रहेका सामान ३६ औं दिनदेखि निम्न मितिहरुमा सार्वजनिक डाँक बढाबढद्वारा बिक्री गरी कर्जा असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै डाँक बढाबढमा भाग लिई सुनचाँदी वा गरगहना सकार गरिलिन चाहनुहुने महानुभावहरुलाई तपसिलका शर्तहरु अधिनमा रही डाँक बढाबढ गर्नुहुन समेत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## तपसिल

| क्र. सं. | कर्जा नं. | नाम | ठेगाना |
|---|---|---|---|
| १ | ३८/०७२ | मुना गुरुङ | पोखरा-१३, मियापाटन |
| २. | ३८/५३१ | सरस्वती नकर्मी | पोखरा-१०, औद्योगिक क्षेत्र |
| ३. | ३९/१६८ | कमला खत्री | पोखरा-३२, तल्लो गगनगौंडा |
| ४. | ३९/३५४ | याम कुमारी पौडेल | पोखरा-१३, पाटनबेसी |
| ५. | ३९/४०९ | मिना भण्डारी | पोखरा-१४, चाउथे |
| ६. | ३९/८८८ | बाल कुमारी परियार | पोखरा-२६, विजयपुर |
| ७. | ४०/४३१ | अनिता क्षेत्री | पोखरा-१३, रानीपौवा |
| ८. | ४१/७१८ | धर्मराज गुरुङ | पोखरा-१०, अमरसिंह |
| ९. | ४१/७७४ | शोभा थापा | पोखरा-१८, सेदी |
| १०. | ४२/०२१ | मुना गुरुङ | पोखरा-१३, मियाँपाटन |
| ११. | ४२/३९६ | हितकाजी परियार | पोखरा-१४, छिनडाँडा |
| १२. | ४२/५१४ | इन्दु आचार्य | पोखरा-१७, बिरौटा |
| १३. | ४२/८०७ | मान बहादुर मल्ल | मोदी-५, सानोपोखरा, पर्वत |

**सार्वजनिक डाँक बढाबढका शर्तहरु :**

१. धितो सुरक्षणमा रहेका सुन, चाँदी वा गरगहना जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गर्नुपर्नेछ।
२. लिलामीमा सबैभन्दा बढी डाँक कबोल गर्ने व्यक्तिले आफूले बोलेको अंकको १० प्रतिशतले हुने रकम डाँक बोल्नासाथ नगदै धरौटी बापत बुझाउनु पर्नेछ।
३. डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितो सामान दिने नदिने सम्पूर्ण अधिकार यस शाखामा सुरक्षित हुनेछ।
४. लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम सदर भएको सूचना बैंकको सूचना पाटीमा टाँस भएको मिति वा बैंकबाट सूचना पाएको मितिले ३ (तीन) दिनभित्र बाँकी रकम बुझाई धितो सामान बुझिलिनु पर्नेछ। तोकिएको अवधिभित्र रकम नबुझाएमा १० प्रतिशत धरौटी स्वतः जफत हुनेछ।
५. तोकिएको लिलामको दिन बैंक बिदा परेमा त्यसको लगत्तै पछि कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
६. लिलाम गर्दागर्दै नभ्याएमा त्यसको भोलिपल्ट (बैंक बिदाबाहेक) पुनः लिलामी कार्य हुनेछ।
७. लिलाम हुने धितो सामान लिलाम बढाबढ हुने बखतमा नै हेर्न सकिनेछ।
८. कर्जाको लिलामी डाँक खत्तम हुनुअगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने रकम बुझाएमा वा बैंकको केन्द्रीय कार्यालय, सुपरीवेक्षण कार्यालय वा अदालत वा तोकिएको अन्य निकायबाट लिलामी बिक्रीको कार्य रोक्का गर्ने आदेश प्राप्त भएमा लिलामी कारबाही रोक्का गर्न सकिनेछ।
९. लिलाम बिक्रीको सामान सकार गर्ने व्यक्तिले त्यस्ता सामान बुझिलिइसकेपछि उक्त सामान बैंकले फिर्ता लिनेछैन।

**राष्ट्रिय वाणिज्य बैंक**
शाखा कार्यालय, अमरसिंहचोक, पोखरा